वेलका नगरपालिकाको आ.ब. ०७४/७५ अन्तिम चौमासीकको

# सार्वजनिक सुनुवाई प्रतिवेदन



**प्रतिवेदक**

बिकाश बन्जारा

सहजकर्ता

**प्रतिवेदन बुझाएको कार्यालय**

वेलका नगरपालिका, उदयपुर

प्रतिवेदन बुझाएको मिति : २०७५।०५।१०

# विषयसुची


१. परिचय........1

२. सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुको विवरण : ........2

३. उठेका प्रश्न□जिज्ञासा र उत्तर........2

४. सार्वजनिक सूनूवाई कार्यक्रममा सूझावहरु........9

अनूसूचि १: कार्यक्रममा प्रयोग गरिएको सहभागीहरुले पालना गनुपर्ने आचारसंहिता........10

अनूसुचि २ : नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन........11

अनुसूचि ३: बहिर्गमन अभिमत पत्रको प्रतिवेदन........16

अनुसुचि ४: कार्यक्रमकका फोटोहरु........18

अनूसूचि ५: कार्यक्रमको उपश्थितिको प्रतिलिपि........20

# १. परिचय

स्थानीय तहवाट संचालित विकास निर्माणका कार्यक्रमहरु, उपलब्ध सेवाहरु, वस्तु र सुविधाहरु सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन गरिने प्रक्रियालाई सार्वजनिक सुनुवाई भनिन्छ ।

स्थानीय तह र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय तहको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउनु सार्वजनिक सुनुवाइ कार्यक्रमको उदेश्य हो । सार्वजनिक सुनुवाई कार्यक्रम पारदर्शिता, जवाफदेहिता प्रवर्द्धन गर्ने उपयुक्त माध्याम हो । यसले सेवा प्रवाह गर्ने निकायका नागरिकहरुसंग रहेका असन्तुष्टी, जिज्ञासा, समस्या तथा प्रश्नहरुको दोहोरो संवाद मार्फत समाधान गरी शुसाशन कायम गर्न सहयोग गर्दछ ।

उदयपुर जिल्लाका ८ वटा स्थानीय तह मध्येको एउटा नगरपालिका वेलका नगरपालिका हो । यो नगरपालिका उदयपुर जिल्लाको साविक गाविसहरु रामपुर ठोक्सीला, तपेश्वरी, ववला र मैनामैनी मिलाएर बनाईएको हो । यस नगरपालिकाको जम्मा जनसंख्या (२०६८ को जनगणना अनुसार) गाभिएका साविक गाविसहरुको जनसंख्या जोड्दा ४२,३८६ रहेको छ । ९ वडा वडाहरु रहेको यस नगरपालिकाको क्षेत्रफल ३०८.२७ वर्गकिमी रहेको छ । ऐतिहासिक क्षेत्र वेलकाको नामबाट नामाकरण गरिएको यस नगरपालिकाको केन्द्र रामपुरमा रहेको छ ।

यस नगरपालिकाले आ.ब.०७४/७५ मा विभिन्न प्रकारका विकास निर्माणका कार्यक्रमहरु, सेवाहरु र सुविधाहरु नागरिक समक्ष प्रवाह गरेको छ । यस्ता कार्यक्रमहरु, सेवा तथा सुविधाहरु नागरिक समक्ष प्रवाह गरिसकेपछि नागरिकहरुसँग रहेका विभिन्न असन्तुष्टी, जिज्ञासा, समस्या तथा प्रश्नहरुको दोहोरो संवाद मार्फत जवाफ दिन २०७५ भाद्र ११ गते आ.ब. ०७४/७५ मा दोस्रो पटक सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको थियो । उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण सहजकर्ता विकास बन्जाराद्वारा भएको थियो । यो सहजकर्ता विकाश बन्जाराले वेलका नगरपालिकाको कार्यालयमा वुझाइएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन हो ।

## २. सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुको विवरण :

**बर्हिगमन अभिमत पत्र (Exit poll ) संकलनमा सहभागहिरुको विवरण :**

| दलित | जनजाति | मधेसी | अन्य | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| ५ | ११ | ० | १२ | ९ | १९ | २८ |

**नागरिक प्रतिवेदन पत्र (CRC) संकलनमा सहभागीहरुको विवरण :**

| दलित | जनजाति | मधेसी | अन्य | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| २ | ४३ | १ | ४ | १७ | ३३ | ५० |

**सार्वनिक सुनुवाई कार्यक्रममा तपशिल बमोजिम उपश्थिति रहेको थियो :**

| दलित | | | जनजाति | | | मधेसी | | | अन्य | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| | | | | | | | | | | | | | | |

## ३. उठेका प्रश्न□जिज्ञासा र उत्तर

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | रुद्र प्रसाद खतिवडा | यस नगरपालिकाको बजेटबाट सडक लगायतका विकास निर्माणको काम भईरहेको छ हामी खुसी छौ तर इस्टिमेट बिना छुट्याईएको बजेट अपुग भएर काम पुरा गर्न सकिएन यस आ.ब. ०७५/७६ को बजेटले आधामात्र काम भएका योजनामा बजेट थप पनि गरेन । अघिल्लो बर्ष काम भएका योजनाले सोचे अनुसारको उपयोगिता हासिल गर्न सक्ला की नसक्ला ? | दुर्गा कुमार थापा प्रमुख बेलका नगरपालिका | गत बर्ष हामि सँग इन्जिनियर पनि थिएन । इस्टिमेट बिना योजना कार्यान्वयन गरिएको म स्विकार गर्दछु । बजेट नपुग भनिएको ठाँउमा बजेट थप गरेको छ । यस बर्ष हामी सँग इन्जिनियर व्वस्था भइसकेको छ । यस बर्ष वडा कार्यालयलाई मार्गनिर्देशन अनुसार दिएको बजेटमा क्रमागत योजना नछोड्न लिखित निर्देशन दिइएको छ । गतबर्षको योजनाहरु उपलव्धीमुलक बनाउन गतबर्षका योजनाहरुलाई क्रमागत रुपमा राखेर बजेट प्रस्तुत गर्नुपर्दथ्यो । त्यो काम वडा कार्यालयहरुले किन गरेनन् वडाध्यक्ष ज्युहरुले जवाफ दिनुपर्ने हुन्छ । वडामा गएको बजेट नै पर्याप्त बजेट हो । त्यसर्थ वडा कार्यालयमा भएको बजेटबाट यस्ता योजनालाई सम्वोधन गर्नुपर्दछ । |
| २. | पुष्पराज बुढाथोकी वडा नं. ३ | १. बेलका नगरपालिकाले आ.ब.०७५/७६ लाई उत्पादन बर्षको रुपमा मनाउने भनेको छ । यस विषयमा खटिएका जनशक्ती उत्पादन बर्ष मनाउनको लागी योग्य छन् छैनन् ? उदेश्य अनुसार काम गर्न सक्छन् सक्दैनन् ? | दुर्गा कुमार थापा प्रमुख बेलका नगरपालिका | नगरसभामा पनि उत्पादन बर्षको वारेमा राम्रोसँग छलफल भएको छ । बिषयगत समितिहरुमा पनि छलफल भएको छ । वडाध्यक्ष र वडा सदस्य ज्यूहरु प्रत्येक टोल विकास संस्था तथा वस्तिमा गई कसले के उत्पादन गर्छन सोधेर उक्त उत्पादन बृद्धि गर्न सल्लाह सुझाव दिने काम भईरहेको छ । आवश्यक सामग्रीहरु सहयोग गर्ने, विउ वितरण गर्ने, होडींगबोर्ड राख्ने जस्ता कामहरु धमाधम भईरहेको |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | | | छ । उत्पादन बर्षलाई अभियानको रुपमा मनाउन टोलविकास संस्था, गैसस, अन्तराष्टिय गैसस, नेपाल सरकारमा सहयोग माग गरेका छौ । कसले के पाटोमा सहयोग गर्ने, रणनिति के बनाउने भन्ने वारेमा निरन्तर छलफल भई रहेको छ । शाखामा कर्मचारीहरु कम छन् तरपनि हामी सवै लागेर यो काम गरेरै छाड्नेछौ । |
| | | २. नगरपालिका र वडा कार्यालयमा प्रयोग भईरहेका सवारी साधनहरु प्रयोग गरेवापत पदाधिकारी र कर्मचारीहरुले के कसरी चलाउने व्यवस्था छ ? | दुर्गा कुमार थापा प्रमुख बेलका नगरपालिका | मेयरले चारपाङ्ग्रे गाडी चढ्न सक्छन्। क्षमता भएमा उपमेयरले पनि चारपाङ्ग्रे गाडी चढ्न सक्छन् ? वडाध्यक्षहरुलाई मोटरसाइकलको व्यवस्था छ । कार्यपालिका सदस्यहरुलाई पनि मोटरसाईकल दिने कानुनतः व्यवस्था छ तर दिन सकिएको छैन । अनि विषयगत शाखामा पनि दिने व्यवस्था छ । हरेक विषयगत शाखामा १ वटा मोटरसाईकल दिने व्यवस्था छ तर सवै विषयगत शाखाले पाएका चै छैनन् । यसपटक कृषि शाखालाई उत्पादन बर्ष भएकोले पिकअप सहितको गाडी दिने सोच बनाएको छ । वडाध्यक्ष ज्यूहरुले १२ लिटरका दरले पेट्रोल पाउने व्यवस्था छ । वडाध्यक्षहरुलाई ११ वटा शर्त राखेर दिइएको छ । शनिवार विदाको दिन कुदाउन अनुमति लिनुपर्ने हुन्छ । (साथै जनप्रतिनिधिले पाउने सेवासुविधाको वारेमा पनि सार्वजनिक गरिउको ) |
| | | ३. कर कसरी लागु गरिएको छ ? पहिलेकै जस्तो नभएर परिमार्जन भएको छ भने कसरी र के आधारमा परिमार्जन गरिएको छ ? निर्णय के भएको छ ? | दुर्गा कुमार थापा प्रमुख बेलका नगरपालिका | नेपालमा करको हाउगुजि धेरै बढेको छ । मृत्युदर्तामा पनि कर लागेको भन्ने हल्ला फिजाईएको छ । कसैले पनि मृत्यूदर्तामा कर लागएको रसिद देखाउन सक्दैनन् । ३५ दिन भित्र गरेको खण्डमा निशुल्क हो तर ३५ दिन कटेपछि जरीवाना लाग्छ । समयमा नगरेपछि जरीवाना लाग्नु स्वभाविक हो । करको दर अन्य नगरपालिकामा भन्दा हाम्रो नगरपालिकामा कम छ साथै जनताले सहन नसक्ने कर हाम्रो नगरपालिकामा लगाईएको पनि छैन । केहि बर्ष अगाडीको तुलनामा अहिले आएर अलिअलि कर बढ्नु स्वभाविक पनि हो । आयआर्जन बढाएर कर तिर्न सक्ने बनाउने पनि हाम्रो उदेश्य छ । (एकिकृत सम्पति कर लगायत अन्य करको विवरण पनि सार्वजनिक गरिएको । ) |
| | | ४. सहकारी को क्षेत्रमा यो आर्थिक बर्षको बजेटमा कसरी व्यवस्थापन गरिउको छ ? गत आ.ब. मा सहकारी तर्फको कार्यक्रम सफल भएन किन होला ? | दुर्गा कुमार थापा प्रमुख बेलका नगरपालिका | गत चैत्र २७ गतेबाट बेलका नगरपालिकामा सहकारी दर्ता खारेज गर्ने र नविकरण गर्ने अधिकार प्राप्त भएको छ । सहकारीको प्रमुख रजिष्टार प्रमुख प्रशासकिय अधिकृत हुन्छ । सहकारीले गर्ने काम सहकारी लेखेकोले मात्र गर्ने भन्ने होइन । उत्पादन बर्षमा सहकारीको भुमिका अधिक हुन्छ । राम्रो |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | | | योजना लिएर आउनुस छुट्याएको बजेट खर्च गर्न सकिन्छ । गरीबी निवारणको लागी यो काम हामी गर्दछौ भनेर योजना लिएर आउने सहकारीलाई बजेट व्यवस्था गर्न सकिन्छ ।<br>गत आ.ब.मा कार्यक्रम सफल नभएको होइन । कार्यक्रम असार मसान्तमा सम्पन्न नभएको हो, जिम्मेवारी पाएकाहरुले यसबर्षपनि काम गर्नेछन् । काम निरन्तर भइरहेका छन् । काम समयमै सम्पन्न नभएको चै हो । कार्यक्रमहरु नै असफल भएको चै होइन । |
| ३. | जंग बहादुर वि.क. वडा नं. ४ | यस बेलका नगरपालिकामा झोलुंगेपुल र खोला नियन्त्रण गरेको पाईएन नगरपालिकाले चासो दिन नसकेको हो की ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | हामीले खोला नियन्त्रणको काम निरन्तर गरिरहेकै छौ । वडा नं. ४ मा १२०० भन्दा बढि जालि गएको छ । संवेदनशिल क्षेत्रमा हामीले तुरुन्तका तुरुन्त जाँलि दिने व्यवस्था गरेका छौ । अघिल्लो बर्षदेखि यहि बुन्न लगाएर जालि वितरण गरेका छौ । जालि माग गर्नेलाई हामीले फिर्ता पठाएको छैन । खोला सिधा पार्दा हुने ठाँउमा JCB लगेर खोला सिधा पारेको छ । विरुवा रोप्ने ठाँउमा विरुवा रोपेको छ । वालुवा लाउने ठाँउमा बोरामा भरेर वालुवा लगाएको छ । निवेदन दिएको खण्डमा हामीले उल्लेख्य काम गरेका छौ ।<br>झोलुंगेपुलको लागी पनि काम भईरहेको छ । वडा नं. २ मा निर्माण भईरहेको झोलुंगेपुलको ठेकदार भाग्यो भागेको खोजेर ल्याएर काम लागइएको छ । वडा नं. ६ मा पनि बनिरहेको छ । अन्य ४ वटा झोलुंगेपुलको लागी नगरसभाबाट स्वीस एजेन्सी सँग माग गरेर पठाएका छौ । |
| | सिताराम राई वडा नं. ३, रातापानी | वेलका नगरपालिकका वडा नं. ३ रातापनीमा २०७५ असार मसान्त सम्ममा विद्युत बल्छ भन्ने आश्वासन पाएकोले धेरै घरहरुमा विद्युत वाएरिंग पनि गरिसकेको अवस्था छ तर हाल सम्म पनि विद्युत सञ्चालन भएन अब कहिले बल्ला त ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | सहि कुरा हो वडा नं. ३, ४ र ९ को प्रत्येक घरमा विजुलि पुर्याउने भनेर १ करोड २५ लाख बजेट पनि विनियोजन गरेको हो । समितिको खातामा छीटो काम गर्नको लागी बोलाएर बजेट पनि पठाइएको छ । यो काम समयमै सम्पन्न नभएकोले म ज्यादै दुखि छु । समितिबाट काम हुन ढिला भएको छ । समितिमा पनि समस्याहरु होलान । तपाईहरुले ध्यानाकर्षण गर्नुभएको छ । खोलामा समस्या भएको छ । विकल्पको वाटो सोच्ने काम भएको छ । |
| ५. | कर्णकुमार श्रेष्ठ वडा नं. ३, रातापानी | १. यस वेलका नगरपालिकामा १००० कि.मी. बाटो ग्राभेल भएको छ भनी प्रतिवेदन प्रस्तुत गर्दा भनिएको छ । कहा कहा कति लम्वाई हो स्पष्ट हुन पाँए हुन्थियो । | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | १००० कि.मी. होइन १०० कि.मी. हो । प्रस्तुती गर्दा १००० किमी भएको भए माफि माग्दछु । इन्जिनियरले नापेर ग्राभेल भएको बाटोलाई भनेको हो । १०० किमी बाटो ग्राभेल भएको छ । |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | २. विपद् व्यवस्थापनमा स्पष्ट कुन कुन नदिमा कसरी नियन्त्रणको काम भएको छ ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | यस नदि नियन्त्रण बारेमा यस अघि पनि स्पष्ट पारिएको छ। Support on the spot कार्यक्रम अन्तर्गत जनप्रतिनिधिहरुले आवश्यकता महसुस गरेको ठाँउमा प्रत्यक्ष गएर हेरेर तुरुन्त सहयोग गर्ने गरिएको छ। |
| | | ३. पत्रकारहरुले यस नगरपालिकाको बारेमा समाचार लेखेवापत प्रति समाचार रु ३०० दिने भनिएको छ। यस्तो काम त समाचार किनबेच गरेको जस्तो भएन र ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | नगरपालिकामा समाचार लेख्ने पत्राकारहरुको उत्पादन गर्न उत्प्ररण गरिएको हो । ५ दिने पत्रकारीता तालिम दिईसकेपछि पत्रकारहरुले पाएको तालिम अनुसार समाचारहरु लेख्न प्रोत्साहन स्वरुप दिईएको रकम हो।<br>नगरपीलकाले गरेका गतिविधिहरु सर्वसाधरणले जानकारी पनि पाउने सार्वजनिक पनि हुने नागरिक चासो पनि बढ्ने भएकोले सामाचार लेख्न उत्प्रेरणा गर्न प्रोस्साहन स्वरुप दिइएको रकम हो । असार मसान्त सम्म दिइएको हो । समाचार किनबेचको हिसावले दिईएको रकम होइन । नगरपालिकामा भएका गतिविधि राम्रो भएन भनी लेखेका समाचारको पनि हामीले रकम दिएका छौ। त्यसैले पत्रकार किनेर नगरपालिकाको राम्रो मात्र देखाउने हाम्रो नियत चै होइन। |
| | | जग्गा नापि गर्ने विषय ज्यादै राम्रो छ । तर कोशिटप्पुमा बसोवास गरेको ठाँउमा नापि गर्न संभवहोला वा सकिएला कि नसकिएला ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | नेपालको संविधानको अनुसुचि ८ को स्थानीय तहको अधिकारको सुचिको १४ नं. मा घर जग्गा धनी पुर्जा वितरण भन्ने अधिकार छ त्यसै बमोजिम नगरपालिकाले वितरण गर्न सक्छ । कोशिटप्पुको जग्गा विवरण सम्बिन्धी त्यतिवेलै निर्णय हुन्छ अहिले यसै भन्न सकिदैन। |
| ६. | तिर्थ पराजुली वडा न.. ४ | CRC र Exit Poll को रिपोर्ट अनुसार प्राविधिकहरुले योजना सम्पन्न गर्ने बेलामा अतिरिक्त रकम पनि माग्छन भनिएको प्रश्नमा २० प्रतिशत उत्तर रकम माग्ने कुरामा आएको छ। त्यो १ प्रतिशत पनि नमाग्ने वातावरण वनाउन के गर्नुपर्दछ ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | यो CRC र Exit Poll को रिपोर्टमा त्यस्तो देखियो तर म चै अहिले सम्म मागेका छैनन् भन्नेमा थिय। यो रिपोर्टलाई पनि झुटो भन्न मिलेन। यदि त्यस्तो कहि छ भने प्रमाण सहित निवेदन प्राप्त भएमा आउदो बैठकमा बर्खास्त गरिनेछ। |
| ७. | क्षेत्रमणी सेढाई वडा नं.३ | यो बेलका नगरपालिकामा रिंगरोड बनाईदैछ भन्ने सुनिएको छ, त्यो बन्ने हो वा होइन ? बन्ने हो भने कँहा कँहा हुदै बन्ने हो स्पष्ट पारिदिनुहोला। | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | बेलकामा २ वटा भित्री र वाहिरी रिंगरोडको धारणा अघि सारिएको छ । बेलकामा भौतिक पुर्वाधार विकास योजना बन्दै छ। जसमा वाहिरी रिंगरोड भनेको कोशिको किनारै किनार रानीटार देखि बासीखोप सम्म रोड बनीरहेको छ त्यसलाई जोडेर कोठसफेरी सम्म ल्याउने र तपेश्वरी हुदै आम्वासी बाट माथि आउने हो। भने भित्री रींगरोड बन्ने कुरा छदैछ रामपुरबाट आम्वासी गएर माथिबाट आउदा एउटा रिंगरोड हुन्छ। डाडाडाडामा पर्यटक भित्राउन |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | | | पदमार्ग निर्माण भईरहेको छ । प्रत्येक वार्डमा रिंगरोडको धारणा छ । वडा नं. ३ मा कण्ठे चौरी देखि रमेश सुचक मार्ग हुदै पुन्पाञ्जली सम्म जान्छ । |
| ८. | दमन कट्वाल वडा नं. ३ | १. यो गत आ.ब.मा नगरपालिकाले हासिल गरेका मुख्य ३ वटा उपलब्धिहरु के के हुन ? बुदागत रुपमा | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | धेरै मुख्य मुख्य उपलब्धी भएकोले ३ वटा मात्र उपलब्धी बताउन कठिन छ । सर्पदंश उपचार केन्द्र,क्याम्पस बनाइयो, बसपार्क बनाइयो , माचुंगटार गाडी पुग्यो, भोजपुर र बेलका नगरपालिका जोड्ने पुल चुहारमा बजेट व्यवस्था गर्न लगाईएको छ ती सबै काम महत्वपुणृ हुन । खानेपानीमा थुप्रै काम गरिएको छ ति पनि महत्वपुर्ण छन् । |
| | | २. हाम्रो नगरपालिकामा नागरिक बडापत्र देखिनेगरि छोइन जस्तो लाग्यो, त्यो कतिदिन भित्र सेवाग्राहिले देख्नेगरी राख्न सकिन्छ होला ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | बेलका नगरपालिकाको website छ त्यसमा नागरिक वडापत्र राखेका छौ । अहिले मोवाइल फोन खोलेर हेर्न सकिन्छ । अर्को हामीले वितरण गर्ने स्टेसनरीको कापिमा पनि नागरिक वडापत्र छापिएको छ । तेस्रो डिजिटल लगायत सुझाव समेत दिने व्यवस्था गरि मोवाइलमा एप्सनै निर्माण गरेका छौ त्यसमा नागरिक वडापत्र लगायत धेरै कुराहरु हेर्न सकिन्छ । |
| | | ३. उत्पादन बर्ष मनाउने भनिएको छ ? उत्पादन बर्षको प्रगति मापन गर्ने विधि केहो ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | यो बर्ष नगर प्रोफायल बनाउदा प्रत्येक घरधुरीमा गएर धान कति फल्यो, मकै कति फल्यो, अन्य अन्न उत्पादन कति भयो त्यसको सर्वे गरेको छ । अर्को बर्ष यसै सिजनमा फेरी घरधुरी सर्वे गर्नेछौ । अनि डाटामा उत्पादन प्रस्तुत गर्नेछौ । ९ वटा वडामा २ जनाको दरले १८ जना सर्वेक्षक राखेका छौ उनिहरुले वडामा भएका गतिविधिहरुको जानकारी रिपोर्टिंग गर्ने गरेका छन् । त्यसै अनुसार मापन गरिनछ । |
| ९. | कृष्ण कुमार कार्की वडा नं. ४ | १. एविसी विद्यालयको शिक्षक हुँ म, त्यो विद्यालय जोखिमपुर्ण ठाँउमा छ, त्यो विद्यालय जाने विद्यार्थीले तर्नुपर्ने एउटा जहडा खोला तरेर विद्यार्थीहरु आवतजावत गर्न स्थानीय सरकारको सोच के छ ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | जहडाको पुछारमा RCC ढलान गरी कार्तिक भरीमा पुल निर्माण गर्ने योजना छ । |
| | | २. म शिक्षक मासिक रुपमा तलव खुवाउने भनिएको छ तर साउन महिनाको तलव पाईएको छैन ? किन नपाएको ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | कार्यकारी अधिकृत नभएर चेकमा हस्ताक्षर भएको छैन त्यसैले तलव खुवाउन सकिएको छैन । |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १०. | तलित राई वडा नं. ४ | यस वेलका नगरपालिका वडा नं. ४ वडा कार्यालयको चोरीको घटना के भईरहेको छ ? यस विषयमा नगरपालिका र प्रशासनबाट जानकारी नभएको हुनाले आधिकारीक जानकारी गराईदिनुहुन अनुरोध गर्दछु । | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | सुरक्षा व्यवस्था कडा बनाउन र चारहरु पत्ता लगाउन प्रहरीलाई दवाव दिईरहेका छौ । |
| ११. | प्रकाश निरौला वडा नं. ३ | यस नगरपालिकाले खरिद गरेका सवारी साधनहरु कस्तो कस्तो अवस्थामा कसले कसले कहिले कहिले प्रयोग गर्न पाउने ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | मेयरले चारपाङ्ग्रे गाडी चढ्न सक्छन्। क्षमता भएमा उपमेयरले पनि चारपाङ्ग्रे गाडी चढ्न सक्छन् ? वडाध्यक्षहरुलाई मोटरसाइकलको व्यवस्था छ । कार्यपीलिका सदस्यहरुलाई पनि मोटरसाईकल दिने कानुनतः व्यवस्था छ तर दिन सकिएको छैन । अनि विषयगत शाखामा पनि दिने व्यवस्था छ । हरेक विषयगत शाखामा १ वटा मोटरसाईकल दिने व्यवस्था छ तर सवै विषयगत शाखाले पाएका चै छैनन् । यसपटक कृषि शाखालाई उत्पादन बर्ष भएकोले पिकअप सहितको गाडी दिने सोच बनाएको छ । वडाध्यक्ष ज्यूहरुले १२ लिटरका दरले पेट्रोल पाउने व्यवस्था छ । वडाध्यक्षहरुलाई ११ वटा शर्त राखेर दिइएको छ । शनिवार विदाको दिन कुदाउन अनुमति लिनुपर्ने हुन्छ । |
| १२. | गंगा ब. बस्नेत वडा नं. १ | बेलका नगरपालिकामा फोहोर संकलन गर्ने भनि ट्याक्टर खरिद गरिएको छ , प्रत्येक चौक र घरहरुको अगाडी सडेर जाने दुर्घन्धित हुने गरेको छ ? त्यसलाई हप्तामा १ पटक भएपनि संकलन गरि फाल्ने व्यवस्था गर्नुपऱ्यो । | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | एउटा ट्याक्टर फोहोर संकलन गर्नकै लागी हो । यस बेलका नगरपलिकामा भएका बजारहरुमा समय मिलाएर ट्याक्टर जान्छन । २ वटा डम्पींग साइटको व्यवस्था गर्ने निर्णय भएको छ । डम्पींग साइड छान्नको लागी ठाँउहरु पनि आएको छ । एउटा डुम्रीबोटे भन्दा तलतिर खालिजग्गाको विचमा वडा नं. ७, ८ र ९को फोहोर जान्छ र वडा नं. १, २, ३, ४ र ५ नं. वार्डको फोहोर फाल्न लालसिसुवाबाट धारापनी निस्कने बाटोमा भएको खाडीमा अर्को डम्पींग साइड हुन्छ । अव फेरी मिलाएर नगरस्तरीय सरसफाई तथा स्वच्छता समन्वय समितिले निर्णय गरे बमोजिम हुन्छ । |
| १३. | लेख ब. परियार वडा नं. ६ | १. यस बेलका नगरपालिकामा सेवा केन्द्र बाट नागरिकता वितरण गर्ने भनी चुनाव अगाडी दलहरुले घोषणापत्र मार्फत भनेका थिय । तर हाल सम्म शिविर सम्म पनि सञ्चालन भएको छैन ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | त्यो सहि कुरा हो । हामी इलाका प्रशासन कार्यालयको लागी लडाई लडीरहेका छौ । गृहमन्त्री आएको बेला उहालाई ज्ञापनपत्र बुझाएका छौ । केन्द्रमा पनि दिएका छौ । नागरीक बडापत्र बनाउने क्याम्प राख्नुपर्ने थियो त्यो गल्ती भयो माफ माग्दै यो बर्ष हामी राख्छौ । |
| | | २. कटुञ्जे ववला वडा नं. १ र २ काटिएर वेलका नगरपालिकाको वडा नं. ६ भएको छ, हाल सम्म पनि वडाबाट हुने कामको लागी त्यै | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | हाल ६ नं. वडामा २ वटा वडा कार्यालय भएको छ । त्यसैमा गएर सेवा लिन सक्नुहुन्छ । सम्पर्क कार्यालयको रुपमा बुद्धचौकमा कार्यालय स्थापना गरेका छौ त्यो कुरा तपाईलाई थाहा नभएको |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | पहिलेकै वडा कार्यालयमा पुग्नुपर्ने अवस्था छ, त्यो सानुपर्ने अवस्था छ सार्न सकिन्छ कि सकिदैन ? | | हुनसक्छ । त्यहाबाट सेवालिन सकिन्छ । त्यहाबाट तपाईलार्य सजिलो पनि हुन्छ । |
| १४. | कमल भट्टराई | मेरो घर सहायक राजमार्ग देखी २५० मिटरको दुरीमा पर्दछ विजुलि जडानको लागी त्यस्तो घरलाई तार टाग्नको लागी फलामको पोल दिने व्यवस्था छ की छैन ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | एउटै मात्र घर छ भने पनि सेवा दिन सकिन्छ । हामीले सवैघरमा खानेपानी र विजुली पुऱ्याउने भनेका छौ । त्यस्ता घरहरुमा एउटा पोल अपुग छ भने त्यो एउटा पोल कसरी व्यवस्था गर्ने भनी सल्लाह भईरहेको छ । |

**थप प्रश्न तथा जिज्ञासाहरु :**

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | आशजित राई वडा नं.९ | १. भाटेपुलमा पुलबनेको छ, तर केहिदिन अघिबाट परेको पानीले छेउछेउको पर्खाल भत्काएको छ । त्यो पर्खाल कसरी निर्माण गर्न सकिन्छ होला ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | पुल भत्कीएको होइन, पुलको छेएमा भएको बाँध भत्कीएको हो । भोलीनै इन्जीनियर गएर हेरेर के आवश्यक पर्छ त्यो अनुसार काम गरिन्छ । |
| | | २. मैले सैलुनको सिपमुलक तालिम सिकेको थिय । त्यसलाई अझ एड्भान्स तालिम सिक्नपाए राम्रो सँग काम हुनेथ्यो ? कहिले अझ राम्रो सँग सिक्न सकिएला ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | कपाल काट्ने आधारभुत तालिम दिइसकेको छ । कपाल काट्ने ठाँउ खोल्न को आवश्यक पर्ने सामग्रीको लागी खरिद गरेर सञ्चालन गर्न थालेपछि यँहा विलभरपाई सहित निवेदन लिएर आएको खण्डमा हामी त्यो पनि सहयोग गर्नेछौ । खोलेर सञ्चालन गर्न थालेपछि एडभान्स तालिम पाँउ भनी निवेदन दिएको खण्डमा एडभान्स तालिम पनि उपलब्ध गराईनेछ । |
| २. | नर ब. निरौला | बलबहादुर भुजेलको घरबाट भर्स्यानी झोडा सम्म जानेबाटोमा १ लाख ५० हजार रुपैया परेको थियो म आफै यो उपभोक्ता समितिको अध्यक्ष छु । त्यहा २ लाख ५ हजार खर्च भएको छ । मैले वडा कार्यालयमा पटक पटक जानकारी गरिरहे तर हाल सम्म पनि बढी खर्च भएको पैसा पाईन । मेसिनवालाले खसि खोलेर लैजाने भनेको छ । म के गर्ने भनीदिनु पऱ्यो । | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | त्यो योजना परेको पनि होइन, त्यो योजना अर्को योजना काटेर थप गरी दिएको योजना हो । सम्झौतामा पुगेन भने थप गरिनेछ भनेको भए थप गर्ने हो नत्र भने थप गर्न पनि मिल्दैन । सम्झौता भए बमोजिमको बजेट दिइसकेको हुनाले अरु थप बजेट पाईदैन । वडालाई जानकारी गराएको भए वडा कार्यालयमा नै कुरा गर्नुहोला । तोकिएको बजेट भन्दा धेरै काम गरेर पैसा पाइने भए सबै योजनामा त्यसरी पैसा पाइन्छ भनेर माग्छन् त्यसैले यस्तो हुदैन । र यस्तो रकम भुक्तानी पनि दिन सकिदैन । |
| ३. | पुष्पराज गिरी वडा नं. ४ | गुरुङचौरीमा भक्तजनको श्रोतबाट सिद्धिविनायक गणेश मन्दिर बनाएका छौ । विभिन्न काम गर्न सजिलो होस भन्ने उदेश्यले सत्संग भवन बनाउने निश्चय गरेका छौ तर छानो लगाउन सकेको छैनौ । नगपालिकामा पटकपटक हामीले ध्यानाकर्षण पनि गरेका छौ तर सम्बोधन भएन । किन होला ? | दुर्गा कुमार थापा प्रमुख, बेलका नगरपालिका | आगामी बर्षमा बजेटमा सम्वोधन गर्नको लागी ध्यानाकर्षण गर्नुभएको जस्तो लाग्यो हामी त्यस विषयमा छलफल गरौला । |

## ४. सार्वजनिक सूनूवाई कार्यक्रममा सूझावहरु

१. नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत पत्रको प्रतिवेदनमा कमजोर प्रतिशतहरुलाई नगरपालिकाले सुधार गर्नुपर्दछ ।

२. बहिर्गमन अभिमत पत्रको प्रतिवेदनमा सुधार गर्नुपर्ने पक्षहरु महलमा भएका सवालहरु गाँउपालिकाले सुधार गर्नुपर्दछ ।

३. सार्वजनिक सुनुवाई कार्यक्रममा जाहेर भएका प्रतिवद्धताहरु कार्यान्वयन गर्नुपर्दछ ।

४. सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेहिता अभिवृद्धि गर्न सवै विषयगत शाखाहरुको उपश्थिति अनिवार्य गर्नुपर्दछ ।

५. सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्दा सहभागीहरुलाई सहभागीता जनाउन मिल्ने गरि हल व्यवस्थापन गर्नुपर्दछ ।

६. सार्वजनिक सुनुवाई कार्यक्रम तोकिएको समयमा सुरु गर्नुपर्दछ ।

७. नगरसभाबाट सार्वजनिक सुनुवाई कार्यविधि, सार्वजनिक परिक्षण कार्यविधि र सामाजिक परिक्षण कार्यविधि पास गरेर सोहि बमोजिम कार्यक्रमको आयोजना गर्नुपर्दछ ।

## अनूसूचि १: कार्यक्रममा प्रयोग गरिएको सहभागीहरुले पालना गनुपर्ने आचारसंहिता

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ । बढिमा ३ मिनेट भित्र प्रश्न वा जिज्ञासा राखिसक्नु पर्नेछ ।

३.सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिकिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

४.आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।

५.चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

६.सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।

७.सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

८.सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

९.सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

# अनूसुचि २ : नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन

**जातजाति :**

| दलित | जनजाती | मधेसी | अन्य | जम्मा |
|---|---|---|---|---|
| २ | ४३ | १ | ४ | ५० |

**लिङ्ग :**

| महिला | पुरुष |
|---|---|
| १७ | ३३ |

**वडागतरुपमा उत्तरदाताको विवरण :**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| उत्तरदाताको संख्या | २ | ० | ४ | २ | २ | ० | ० | ३० | १० |

## १. सेवाको सन्तुष्टि

१.१ तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ४० % | ६० % | ० |

१.२ सेवा लिन जाँदा कर्मचारी र जनप्रतिनिधिको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ४८ % | ५२ % | ० |

## २. सेवाको नियमितता

२.१ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता ) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

| विश्वस्त ( ) | ठीकै ( ) | अविश्वस्त ( ) |
|---|---|---|
| ५४ % | ४४ % | २ % |

२.२ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?

| १ दिन | २ दिन | धेरै दिन |
|---|---|---|
| ५४ % | ३० % | १६ % |

**३. सेवाप्रतिको जनविश्वास**

३.१ यस कार्यालयले दिने सवैखाले सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

| विश्वस्त ( ) | ठीकै ( ) | अविश्वस्त ( ) |
|---|---|---|
| ३६ % | ६२ % | २ % |

**४.सेवाको गुणस्तर**

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | कम सन्तुष्ट | असन्तुष्ट |
|---|---|---|
| ९२ % | ४ % | ४ % |

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

| आफै | जनप्रतिनिधि | मध्यस्थकता |
|---|---|---|
| ७२ % | २४ % | ४ % |

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?

| १ पटक | २ पटक | सो भन्दा वढी |
|---|---|---|
| ६६ % | ३० % | ४ % |

४.४ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

| अति राम्रो | ठीकै | नराम्रो |
|---|---|---|
| १४ % | ८४ % | २ % |

**५. सेवा सम्बन्धी जानकारी**

५.१ कार्यालयमा नागरिक बडापत्रको व्यवस्था छ ?

| छ | छैन | नागरिक वडापत्रवारेमा कुनै जानकारी छैन |
|---|---|---|
| २६ % | ६४ % | १० % |

५.२ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

| धेरै भएको छ | ठीकै भएको छ | भएकै छैन |
|---|---|---|
| ६ % | ३२ % | ६२ % |

५.३ कार्यालयमा गुनासो सुन्ने अधिकारीको व्यवस्था छ ?

| छ | छैन | थाहा छैन |
|---|---|---|
| ९० % | ६ % | ४ % |

## ६. सिफारिस सम्बन्धी

६.१ यस नगरपालिकामा कर्मचारी र जनप्रतिनिधीहरुले सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी दिन्छन् ?

| राम्ररी दिन्छन | ठीकै दिन्छन् | स्पष्ट दिदैनन् |
|---|---|---|
| ५० % | ५० % | ० |

६.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्छ ?

| धेरै पर्छ | थोरै पर्छ | मागेको छैन र दिएको छैन |
|---|---|---|
| २ % | ४८ % | ५० % |

## ७. पूर्वाधार तथा सरसफाई सम्बन्धी

७.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

| राम्रो | ठीकै | खराब |
|---|---|---|
| २८ % | ७२ % | ० |

७.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

| तुरुन्तै हुन्छ | पटक पटक भनेपछि मात्रै हुन्छ | जति भनेपनि हुन्न |
|---|---|---|
| ८८ % | १२ % | ० |

७.३ यस गा.पा. ले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?

| नियमित र राम्रो संग | ठीकै गर्छ | नियमित रुपमा गर्दैन |
|---|---|---|
| १२ % | ८८ % | ० |

७.४ तपाईको नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

| राम्रो | ठीकै | खराब |
|---|---|---|
| २२ % | ७६ % | २ % |

७.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
|---|---|---|
| ३२ % | ६६ % | २ % |

७.६ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

| सहज | ठीकै | अप्ठया्रो |
|---|---|---|
| ८२ % | १६ % | २ % |

७.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई कमिसन रकम पनि दिनुपर्छ ?

| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
|---|---|---|
| ९६ % | ४ % | ० |

७.८ यस नगरपालिकामा योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाइन्छ ?

| सजिलै पाइन्छ | कहिले काँही पाइन्छ | माग गर्दा पनि पाइदैन |
|---|---|---|
| ६२ % | ३८ % | ० |

७.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?

| सजिलै पाइन्छ | सोधेपछि पाइन्छ | सोधेपनि पाइदैन |
|---|---|---|
| १४ % | ८६ % | ० |

७.१० योजना सञ्चालन गर्दा जनप्रतिनिधीवाट कत्तिको सहयोग पाउनु भएको छ ?

| धेरै सहयोग पाएको छु | ठीकै सहयोग पाएको छु | निरुत्साहित गरिन्छ |
|---|---|---|
| २२ % | ७८ % | ० |

## ८. विविध पक्षहरुमा नागरिकको अनुभव

८.१ नगरपालिकामा आउने  आर्थिक श्रोत कस्तो छ ?

| आवश्यक श्रोत उपलब्ध छ | कम श्रोत उपलब्ध छ | अति कम श्रोत उपलब्ध छ |
|---|---|---|
| ८० % | १० % | १० % |

८.२ यस न.पा.मा कर्मचारी र जनप्रतिनिधीहरुको काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

| अति सरल | ठीकै | जटिल |
|---|---|---|
| ४ % | ९४ % | २ % |

८.३ यस गा.पा./न.पा.मा काम गर्ने कर्मचारीमा सीप कस्तो छ ?

| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
|---|---|---|
| ९६ % | ४ % | ० |

८.४ जनप्रतिनिधी सहितको बर्तमान कार्यसञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठिकै | असन्तुष्ट |
|---|---|---|
| ३६ % | ६४ % | ० |

## ९. पारदर्शिता सम्वन्धि

९.१ यस गा.पा.मा यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

| १ वटा | २ वटा | कार्यक्रम बारे कुनै जानकारी नै छैन |
|---|---|---|
| ० | ९० % | १०% |

९.२ यस गा.पा. मा सञ्चालन भएका योजनामा सार्वजनिक परीक्षण हुने गरेको छ ?

| छ | छैन | थाहा छैन |
|---|---|---|
| ८४ % | १४ % | २ % |

९.३ यस गा.पा./न.पा.को वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
|---|---|---|
| १६ % | ६६ % | १८ % |

९.४ यस गा.पा.को आम्दानी र खर्च वाहिर सुचना पाटिमा टासेको देख्नुभयो ?

| नियमित टासेको छ | कहिले काँहि टासेको छ | खै कतै देखिएन |
|---|---|---|
| २८ % | १४ % | ५८ % |

# अनुसूचि ३: बहिर्गमन अभिमत पत्रको प्रतिवेदन

१) सेवाग्राहीको लिङ्ग :–

| पुरुष | महिला |
|---|---|
| १९ | ९ |

२) जात :

| दलित | जनजाति | मधेसी | अन्य |
|---|---|---|---|
| ५ | ११ | ० | १२ |

७) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?

| | |
|---|---|
| क) सिफारिस लिन/पुऱ्याउन | ३६ % |
| ख) दर्ता/नवीकरण | ११ % |
| ग) आर्थिक सहयोग लिन | ७ % |
| घ) योजना माग गर्न | २१ % |
| ङ) योजनाको किस्ता लिन | ४ % |
| च) योजनाको मूल्याङ्कन गराउन | ४ % |
| छ) योजनाको अन्तिम भुक्तानी लिन | ११ % |
| ज) स्थानीय तहले राखेको सूचना प्राप्त गर्न | ७ % |

| स.नं | सेवाको नाम | मूल्याङ्कन | | |
|---|---|---|---|---|
| १. | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट ( ११%) | ठीकै (८९ %) | अस्पष्ट (०) |
| २. | यस गापामा कर्मचारी र जनप्रतिनिधिहरुले तपाईको आवश्यकता र अपेक्षा कतिको बुझ्े जस्तो लाग्यो ? | अति धेरै (१४%) | ठीकै (८६%) | थोरै (०) |
| ३. | सेवालिन जाँदा सेवाग्राहि प्रति कर्मचारी र जनप्रतिनिधहरुले कस्तो व्यवहार गर्छन ? | मिलनसार र मैत्रीपूर्ण (७९%) | ठीकै (२१%) | अभद्र/अमर्यादित (०) |
| ४. | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु ( प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारी र जनप्रतिनिधिहरुले स्पष्ट गरिदिए ? | अति स्पष्ट गरिदिए (१४%) | ठीकै (८६%) | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए (०) |
| ५. | तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए (१४%) | ठीकै (८६% ) | समाधान दिन सकेनन् (०) |

| | | | | |
|---|---|---|---|---|
| ६. | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ? | अति सजिलो (छोटो) (१८%) | ठीकै (७१%) | लामो र झन्झटिलो (११%) |

## कार्यालयको कुन–कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन–कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| • समनता र सामाजिक मेलमिलाप भएको ।<br>• खेलकुदलाई प्रोत्साहन गरेको राम्रो छ ।<br>• अपांगहरुको तथ्यांक संकलन गरिएको ।<br>• ठाँउठाँउमा ऐतिहासिक स्थानको खोजी ।<br>• ज्यालादारी मजदुरको पारीश्रमीक निर्धारण ।<br>• पुशु सेवा राम्रोसँग सञ्चालन भएको ।<br>• कर्मचारीहरुको सेवाग्राही प्रति व्यवहार राम्रो भएको ।<br>• यातायात क्षेत्रमा ठगीहरुको न्युनिकरण भएको ।<br>• सिप कलाहरुलाई प्रोत्साहन ।<br>• सर्पदंश सेवा नजिकमा सुरु भएको ।<br>• प्रभावकारी शिक्षण सिकाई भएको छ ।<br>• सेवा प्रदायक कार्यालय नजिक भई कम खर्चमा सेवा पाउन थालिएको ।<br>• विकास निर्माणको गति तिव्र ।<br>• भुक्षय दैवीप्रकोपको सेवा लिन छिटो भएको ।<br>• महिला हक हितको लागी टाढा जान नपर्ने ।<br>• चोरी ढकैती निवारण ।<br>• शिक्षा तथा योग्यता अनुसार जागिर सुरु भएको<br>• उद्यमी कृषकहरुको क्षमता अभिवृद्धि गरिउको ।<br>• खाद्य पदार्थ र फलफुलहरुको मुल्य निर्धारण भएको ।<br>• पुरातात्यिक वस्तुहरुको खोजी तिव्र गतिमा ।<br>• वृद्ध भता लिन सहज भएको छ । | • वृद्ध आश्रम र अनाथालयको व्यवस्था हुनुपर्ने ।<br>• विद्युत विस्तारमा धेरै जोड दिनुपर्ने ।<br>• नगरको पत्येक वडामा वजारको व्यवस्था गर्नुपर्ने ।<br>• कर्मचारीहरुले आफ्नो कर्तव्य पुरा गर्नुपर्ने ।<br>• कर्मचारहिरु थप गरी सेवा प्रभावकारी हुनुपर्ने ।<br>• युवा रोजगारमा ध्यान दिनुपर्ने ।<br>• कलेज र विद्यालयहरुको प्रभावकारी अनुगमन गर्नुपर्ने ।<br>• सडकहरु नया ट्र्याक भन्दा पुरानोको स्तर उन्नती गर्नुपर्ने ।<br>• जंगली जनावरको विगविगीलाई नियन्त्रण गर्नुपर्ने ।<br>• हरेक वडामा इन्टरनेटको व्यवस्था गर्नुपर्ने ।<br>• हरेक वडामा नागरिक वडापत्रको व्यवस्था गर्नुपर्ने ।<br>• प्राविधिक शिक्षालाई जोड दिनुपर्ने ।<br>• शान्ति सुरक्षा प्रभावकारी हुनुपर्ने ।<br>• कार्यालय जाने बाटोलाई कालोपत्रे गनुपर्ने ।<br>• नगरपालिकाको कार्यालय वरीपरी कम्पाउण्ड घेरावेरा गर्नुपर्ने ।<br>• सुकुम्वासी समस्याहरुलाई ध्यान दिनुपर्ने । |

# अनुसुचि ४: कार्यक्रमकका फोटोहरु




सार्वजनिक सुनुवाई कार्यक्रम सुरुवात गर्दै कार्यक्रम सञ्चालक



सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै सहभागी



सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै सहभागी



सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै सहभागी



सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै सहभागी



सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै सहभागी



सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै सहभागी



सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै सहभागी



सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै सहभागी



सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै सहभागी





सहभागीको जिज्ञासा माथि जवाफ दिदै वेलका नगरपालिका प्रमुख श्री दुर्गा कुमार थापा

# अनूसूचि ५: कार्यक्रमको उपश्थितिको प्रतिलिपि